आदरणीय शेयरधनी महानुभावहरु,

बर्तमान अवश्थामा नोवेल कोरोना भाईरस (कोभिड १९ ) को सङ्क्रमणबाट विश्व नै प्रभावित भैरहेको र यस महामारीबाट बच्न नेपाल सरकारले अति आवश्यक काम वाहेक मिति २०७६ चैत्र ११ गते देखि घरबाट ननिस्कन ( Lockdown) को लागि सबैलाई निर्देशनात्मक आदेश जारी गरेको कुरा यहाँहरुलाई विदितै छ ।

यसले नेपाल लगायत विश्वका धरैजसो देशको अर्थतन्त्रमा गम्भिर असर पारिरहेको र यस भिजन ईनर्जी एण्ड पावर प्रा. लि. द्वारा प्रवर्द्धित नुप्चे लिखु जलविद्युत आयोजना समेतलाई असर पुऱ्याएको छ ।

२०७६ साल चैत्र मसान्त सम्ममा गरिसक्ने भनिएको कम्पनीको साधारण सभा, सिभिल निर्माणको लागि नियुक्त भएको ठेकेदारको साईट परिचालन, मेशीनरी औजार र हाईड्रो मेकानीकल कार्यको छनौट कार्य अगाडि बढाउने तथा पुर्वाधार निर्माण जस्ता कार्यहरु समेत प्रत्यक्ष प्रभावित हुनुको साथै लगानी संकलन जस्तो महत्वपूर्ण कार्य समेत प्रभावित भएको छ ।

यस महामारीले आयोजनालाई प्रत्यक्षरुपमा प्रभाव पारेता पनि तोकिएको समयमा आयोजना सम्पन्न गर्न अन्य विकल्प प्रयोग गरी कार्य गर्न कम्पनी प्रतिवद्ध रहेको समेत जानकारी गराउँछौ ।

यस संकटको घडीमा संयमित भई रोगको सङ्क्रमणबाट आफु जोगिने र अरुलाई पनि जोगाउन आआफ्नो स्थानवाट सक्दो प्रयास जारी राख्न हार्दिक अनुरोध गर्दछौं ।

अध्यक्ष

भिजन ईनर्जी एण्ड पावर प्रा. लि.